**दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोग लाग्न सक्छन् । त्यसैले,
- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- वर्षात्को बेला छ, फोहर भयो भने विभिन्न रोग तथा हानिकारक जीवाणु, कीरा–फटेङ्ग्राको प्रकोप बढ्छ। अहिले देशका ७३ जिल्लामा डेङ्गु फैलिएको छ ।
- घर–आँगन, नगर सफा राखौं । सफा रहँदा कीरा–फटेङ्ग्रा हुर्कन पाउँदैन ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन २९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 13 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४२

## माछा खाएर एकै परिवारका तीनजनाको मृत्यु

रामेश्वर मेहता, सिम्रौनगढ, २८ साउन/

सिम्रौनगढ नगरपालिका–७ झवानीमा माछा खाएर एकै परिवारका तीनजना बालबालिकाको मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय, सिम्रौनगढका प्रहरी निरीक्षक नवीन राईले स्थानीय नरेश रामका दुईजना छोरी र एकजना छोराको माछा खाएर मृत्यु भएको बताए ।

साउन २५ गते शुक्रवार राति नौ र चार वर्षीया क्रमशः लालिमा र पुष्पाकुमारी तथा पाँच वर्षीय छोरा कृष्णनन्दन राम माछाभात खाएर सुतेकामा बिरामी परेका थिए । उनीहरूलाई सोही दिन स्थानीय क्लिनिकमा उपचार गराइएको र त्यहाँ निको नभएपछि कलैया पुऱ्याइएको थियो। कलैया पुग्ने क्रममा जेठी छोरी



लालिमाको बाटोमैं मृत्यु भएको थियो भने दुईजनालाई कलैयाबाट रेफर गरेपछि वीरगंजस्थित नेशनल मेडिकल कलेजमा भर्ना गरिएको थियो। उपचारको क्रममा राति कृष्णनन्दन र पुष्पाको मृत्यु भएको प्रहरीले जानकारी गराएको छ ।

प्रनि राईले तत्काल माछा, भात खाएको कुरा आमाबाट खुलेको तर घटनाबारेमा थप अनुसन्धान भइरहेको बताए। छोराछोरीले माछा भात खाएका र आफु, पति र सासूले भने माछा रोटी खाएको मृतक बालबालिकाकी आमाले प्रहरीलाई बयान दिएकी छन्। प्रनि राईले बालबालिकाको शव शल्यपरीक्षणका लागि पठाइएको र रिर्पोट आएपछि थप कुरा बाहिरिने बताए ।

## जनकपुरमा सिटी जुलुस, प्रहरी र प्रदर्शनकारीबीच झडप

प्रस, जनकपुरधाम, २८ साउन/

जम्बो मन्त्रिमण्डलविरुद्ध सोमवार पनि मधेस प्रदेशको राजधानी जनकपुरमा प्रदर्शन भएको छ । प्रदर्शनकारी युवा




विद्यार्थीहरूले सिटी जुलुस निकालेका थिए ।

जसपा नेपालनिकट विद्यार्थीहरूले निकालेको सिटी जुलुसमा प्रहरी र प्रदर्शनकारीबीच घम्साघम्सी भएको थियो । सिटी जुलुसमा सहभागी विद्यार्थीहरूले प्रहरी सुरक्षा घेरा तोड्दै जुलुस प्रदर्शन गर्न खोजेपछि विवाद भएको थियो । उक्त विवाद झडपमा परिणत भएको हो ।

भानुचोकबाट शुरू भएको जुलुस नगरपरिक्रमा गर्दै मुख्यमन्त्री कार्यालयको मूलगेटसम्म पुगेको थियो । मिल्स एरियामा प्रहरीले बनाएको सुरक्षा घेरा तोड्दै प्रदर्शनकारी अगाडि बढ्दा प्रहरीले हस्तक्षेप गरेको कारण केहीबेर झडप भएको सङ्घका धनुषा जिल्ला अध्यक्ष दीपु कापरले बताए ।

मन्त्रिमण्डल विस्तारलगायत जनमत नेतृत्वको सरकारका गतिविधिको विरोध गर्दै विद्यार्थीहरूले सुरक्षा घेरा तोड्दै रेलवे लिकसम्म पुगेर प्रदर्शन गरेको समाजवादी युवा सङ्घ, जनकपुरले जनाएको छ । सङ्घीयताकै बदनाम गर्न मधेस सरकार लागिपरेको प्रदर्शनकारीहरूको आरोप छ ।

प्रदेश सरकारविरुद्ध चरणबद्ध प्रदर्शन गर्दै आएका युवा विद्यार्थीहरूले यस अघि कुर्सी जुलुस निकालेका थिए । झडपमा कुनै अप्रिय घटना नभएको जिल्ला प्रहरी कार्यालय, धनुषाले जनाएको छ ।

## चारवटा पालिकाको दमकल एक्लै मर्मत गर्छन् मिस्त्री थारू

ओमप्रकाश चौधरी, सेढवा, २८ साउन/

जीराभवानी गाउँपालिका–२ सेढवा निवासी लक्ष्मण भैया थारूको घरमा एकाबिहानै किसानहरू उनलाई खोज्दै आउँछन् ।



थारूलाई किसानहरूले भूमिगत सिचाईंका लागि जडान गरिएका दमकल मेशीन मर्मतका लागि खोज्दै जाने गर्छन् । जगरनाथपुर गापा–४ का किसान विक्रम दास थारूलाई बिहान भेट गरे पनि दमकल मर्मतका लागि आफ्नो पालो राति मात्र आएको बताए । धानमा रासायनिक मल युरिया छर्न ढिला भएको र खेतमा पानी नभएकोले सिचाईंका लागि दमकल बिग्रिएका कारण उनी थारूलाई भेट्न गएका थिए ।

दासझैं जीराभवानी गापा–१ का किसान अनन्त महतोले पनि मिस्त्री थारू धानमा सिंचाइ गर्ने क्रममा बिग्रिएको दमकल मर्मत गराउनका लागि बिहानै उनीकहाँ पुगेका थिए । महतो मोटरसाइकल लिएर मिस्त्री थारूलाई दमकल मर्मतका लागि खेतमा लैजान आएका थिए ।

दमकल मर्मत गर्ने मिस्त्री लक्ष्मण भैया थारूको दैनिकी अहिले धानखेतीको बखत दमकल बिग्रिनेहरूको मर्मत सम्भार गर्दैमा बितिरहेको छ । मिस्त्री थारूले बिहान औजार लिएर निस्केपछि कति बेला घर फर्किने ठेकान नभएको बताउँछन् ।

किसानहरूको दमकल मर्मत गर्न कहिले कुन गाउँ त कहिले कुन गाउँमा जानुपर्छ। अहिले सिंचाइको लागि सबैलाई दमकल चालू अवस्थामा चाहिएको छ र समस्याग्रस्त दमकलको मर्मत गर्दैमा मिस्त्री थारूलाई खानेसम्मको फुर्सद छैन। उनी भन्छन्– "बिहान निस्किएपछि कुन बेला खाने भन्ने ठेगान हुँदैन अहिले । धानखेतीमा अहिले सिंचाइको समय छ, सबैलाई दमकल आवश्यक हुन्छ अनि समयमा दमकल बनाउनुपर्ने दायित्व निर्वाह गर्दा खानेसम्मको फुर्सद हुँदैन । सबैजनालाई आफ्नो काम होस् भन्ने चाहना रहन्छ र अहिले सिजनमा खानाभन्दा कमाउने भोक बढिरहेको मिस्त्री थारू बताउँछन् ।

अहिले कमाउने सिजन छ त्यसैले बढी पारिश्रम गर्दा सोही अनुसार ज्याला पनि पाउने गरेको उनी बताउँछन्। मिस्त्री थारूले अहिले दमकल मर्मत गरेर दैनिक चार/पाँच हजार कमाउने गरेका छन्। पैसा नहुने किसानहरूको पनि दमकल मर्मत गरेर सेवा भाव देखाउने गरेको उनि बताउँछन् ।

अहिले पैसा नभएकाहरूले धान बालीपछि पनि दिने गरेको उनि बताउँछन्। गरीब किसानहरू पनि पैसा अभावमा दमकल मर्मतबाट वञ्चित हुन नपरेको मिस्त्री थारू बताउँछन् । गाउँघरमा दमकल बनाउने मिस्त्री नभएकाले अहिले सिजनमा समस्या देखिएको र यसका लागि छोरालाई चाहना रहन्छ र अहिले सिजनमा पनि मर्मत गर्न तयार पारेको उनी बताउँछन् ।

काम सिकेर छोरा पनि गाउँमा नबसेर बढी पैसा कमाउन चितवन जिल्ला गएको उनी बताउँछिन्। छोरा हुँदा केही राहत थियो तर अहिले छोरा नहुँदा एक्लै काम गर्न समस्या हुने गरेको उनि बताउँछन् । जीराभवानी, ठोरी, पटेर्वासुगौली र जगरनाथपुर गापाका किसानहरूका मिस्त्री थारूले एक्लै बिग्रिएको मर्मत सम्भार गर्दै आएका छन् ।

उनले तत्काल पारिश्रमिक दिन नसक्नेले महीना/दुई महीनापछि पनि भुक्तानी गर्ने गरेकाले अहिलेको कमाइसँगै पछिसम्मका लागि कमाइ सुरक्षित हुने गरेको बताए। कतिपय किसानले वार्षिकरूपमा भुक्तानी व्यवस्था गरेको उनि बताउँछन्। वर्षभरि बिग्रिएको दमकल बनाउने अनि प्रनि दमकल वार्षिक एक क्वीन्टलसम्म धान, गहुँ पाउने गरेको मिस्त्री थारू बताउँछन् ।

## छत ढलान गर्न गएको ठेकेदार करेन्टको चपेटामा, घरधनी फरार

प्रस, परवानीपुर, २८ साउन/

वीरगंज–१३ राधेमाईमा घर



निर्माणको क्रममा करेन्ट लागेर एकजना मजदूर घाइते भएका छन्। पर्सा प्रहरीले दिएको जानकारी अनुसार घाइते हुनेमा बारा जिल्लाको विश्रामपुर गाउँपालिका वडा नं २ बरैनिया बस्ने वर्ष २५ का इम्तियाज मियाँ तेली रहेका छन् ।

घरको ढलान गर्ने क्रममा अचानक करेन्ट लाग्दा तेली घाइते भएका हुन् । वडा प्रहरी कार्यालय, श्रीपुरका प्रहरी निरीक्षक धर्मजङ्ग थिङका अनुसार बिहान साढे ११ बजे एक तले घरको छत ढलान गर्न मेशीन जोडिरहेको अवस्थामा ११ हजार केभिएको तारबाट करेन्ट प्रवाह भएर उनी घाइते भएका हुन् । उनको दायाँ हातको औला र बायाँ खुटामा गम्भीर चोट लागेको छ । करेन्टले पेट पनि पोलेको छ ।

घाइते तेलीको अवस्था गम्भीर रहेको र उनको हातको शल्यक्रिया गर्नुपर्ने नीलकण्ठ अस्पतालका अर्थोपेडिक सर्जन डा अरविन्दकुमार साहले जानकारी गराए । घरधनी भने हाल फरार रहेको बताइएको छ । तेलीको उपचार चन्दा उठाएर भइरहेको बताइएको छ ।

## थारू संस्कृति सङ्ग्रहालय अलपत्र, अधूरो निर्माण भग्नावशेषमा परिणत

प्रस, निजगढ, २८ साउन/

बाराको निजगढ नगरपालिका–४



निजगढ नगरपालिका–४ कछडियाटोलस्थित अलपत्र निर्माणाधीन कछडिया थारू संस्कृति सङ्ग्रहालय । तस्वीरः प्रतीक

कछडियाटोलस्थित कछडिया थारू संस्कृति सङ्ग्रहालयको निर्माणाधीन पक्की भवन तीन वर्षदेखि अलपत्र परेको छ । कछडिया थारू जातिको कला, संस्कृतिको जर्गेना गर्दै भावी पुस्तालाई थारू कला, भाषा, साहित्य, संस्कृति, परम्पराको जानकारी गराउने, जर्गेना गर्ने उद्देश्यले निर्माण शुरू गरिएको थियो ।

सङ्ग्रहालय निर्माण गर्न पटक–पटक सङ्घीय मन्त्रालय, प्रदेश मन्त्रालय धाए पनि तीन वर्षदेखि रकम विनियोजन नहुँदा भवन अलपत्र परेको पूर्व वडा अध्यक्ष एवं समाजसेवी जयराम कुमरले बताए । आफू वडा अध्यक्ष हुँदा निजगढ नगरपालिकाबाट रकम विनियोजन भएको थियो तर त्यस यता केही हुन नसकेको कुमरले बताउँछन् ।

सङ्घीय सरकारको संस्कृति, पर्यटन मन्त्रालयबाट प्राप्त २५ लाख र निजगढ नगरपालिकाबाट प्राप्त १५ लाख गरी कुल ४० लाख रुपियाँमा २०७७ सालमा निर्माण शुरू गरिएको थियो । अघिल्लो जनप्रतिनिधिहरूको कार्यकालमा शुरू भएको कछडिया थारू संस्कृति सङ्ग्रहालयलगायत अन्य विकास कार्यलाई स्थानीय तहले बर्सेनि रकम विनियोजन गर्दै अधूरो कार्य सम्पन्न गर्नुपर्ने निजगढका तत्कालीन नगरप्रमुख सुरेशकुमार खनालले बताए । त्यसैगरी, निजगढ नगर शहरोन्मुख भइरहँदा निर्माण शुरू भएको सङ्ग्रहालयले नगरको गौरव बढाउने, आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षणसँगै कछडिया थारू जातिको परम्परा, कला, भेषभूषा, भाषा र संस्कृतिको अध्ययन, खोज, अनुसन्धान गर्न चाहनेहरूका लागि केही सहज हुने पूर्वनगरउपप्रमुख लीलादेवी लामिछाने बताउँछिन् ।

कछडिया थारू जातिको कला, संस्कृति, भाषाको उत्थान र पहिचान दिनेगरी निर्माण हुन लागेको सङ्ग्रहालय निर्माण कार्य अधूरो, अलपत्र हुनु चिन्ताको विषय रहेको नेपाल कछडिया थारू उत्थान सङ्घका केन्द्रीय अध्यक्ष महेशी कुमर बताउँछन् । यो मधेस प्रदेशकै एक मात्र सङ्ग्रहालय रहे पनि समयमा निर्माण सम्पन्न हुन नसक्नु चिन्ताको विषय रहेको अध्यक्ष कुमर बताउँछन् ।

यस अघि पटकपटक स्थानीय तह, प्रदेश सरकार, सङ्घीय सरकारबाट रकम विनियोजन गराउन धाउँदा पनि रकम पाइएन । आश्वासन भने अहिले पनि पाइरहेका छौं । सङ्ग्रहालय भवन निर्माण समितिका अध्यक्षसमेत रहेका कुमर भन्छन् ।

दुई हजार ५६ वर्गफिट क्षेत्रफल ओट्गने गरी अढाइ तले आकर्षक सङ्ग्रहालयको पक्की भवन, कम्पाउन्ड पर्खाल, गेट, आकर्षक बगैंचासहितको लागत रु दुई करोड ५० लाख लाग्ने बताइएको छ ।

निजगढ नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा अधूरो भवन निर्माणको लागि बजेट छुट्याएको निजगढ नगरप्रमुख सुरथ पुरीले बताए । नगरपालिकाले भवन बनाउन करोडौं लाग्ने हुँदा त्यति उपलब्ध गराउन नसके पनि केही बजेट उपलब्ध गराउन कोशिश गर्ने प्रतिक्रिया दिएका छन् ।

### विचारसार र सुक्तिहरू

विष पिउन सिक, विष ओकल्न होइन ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com

# भ्रष्टाचारजन्य कसूरमा हदम्याद

**भ्रष्टाचारजन्य कसूरको कारबाईमा पाँच वर्षे हदम्याद हटाउने कि राख्ने भन्नेबारे बहस चलिरहेको छ । भ्रष्टाचार निवारण ऐन २०५९ लाई संशोधन गर्न बनेको विधेयकमाथि अहिले सङ्घीय संसद्मा विचाराधीन छ । देश विकासको बाधक भ्रष्टाचार हो, यसलाई निर्मूल पार्न भ्रष्टाचारजन्य कसूरको कारबाईमा पाँच वर्षे हदम्याद नराखौं भन्ने तर्क जबरजस्तरूपमा सांसदहरूले उठाएका छन् । भ्रष्टाचार शब्द नै पर्याप्त छ । भ्रष्टाचारीलाई त जहिले जहाँ भेटे पनि कारबाई चल्नुपर्छ भन्ने जनमत छ । त्यस्तो सम्भव छैन वा हुँदैन भन्नेहरू यतिबेला भ्रष्टाचारीको पक्षपोषक जस्तो देखिन सक्छन् । यसर्थ कतिपयले आफ्नो तर्क चाहेर पनि सार्वजनिक गर्ने हिम्मत गरिरहेका छैनन् । जबकि कुनै पनि नीति तथा नियम, ऐन, कानून बन्दा त्यसको सकारात्मक, नकारात्मक प्रभाव एवं कार्यान्वयन पक्षमा व्यापक बहस तथा छलफल जरुरी छ ।**

**भ्रष्टाचारजन्य कसूरको कारबाहीमा पाँच वर्षे हदम्याद भन्नाले भ्रष्टाचारसम्बन्धी अपराधमा छानबीन, अभियोग लगाउने र कारबाही गर्ने प्रक्रियामा पाँच वर्षसम्मको समयावधि हुन्छ । यस अवधिमा अभियोग दायर भएको छ भने न्यायिक प्रक्रिया पछिसम्म पनि चल्न सक्छ । समयावधि समाप्त भएपछि ती अपराधको विरुद्ध उजूर बाजूर वा मुद्दा लाग्न सक्दैन । भ्रष्टाचारजन्य अपराधको हदम्यादको व्यवस्था भ्रष्टाचार नियन्त्रण ऐन, २०५९ मा गरिएको छ । हदम्यादको व्यवस्था राख्दा वा हटाउँदा भ्रष्टाचारीहरूलाई फाइदा पुग्न सक्ने केही अवस्थाहरू छन् । हदम्यादको व्यवस्था रहँदा कतिपय मुद्दाहरूको प्रमाण सङ्कलन हतारमा गर्नुपर्ने हुँदा तथ्यसम्म नपुगेर दायर गरिएको मुद्दा फितलो भइदिन्छ । कतिपय भ्रष्टाचारका मुद्दा वर्षौंपछि सतहमा आइदिन्छन् वा प्रमाणहरू प्रकाशमा आउँछन् । त्यस्तो अवस्थामा हदम्याद कटिसकेको कारण मुद्दा दायर हुन सक्दैन । यसले भ्रष्टाचारीले उम्कने मौका पाउँछ । अर्कोतर्फ भ्रष्टाचारीहरूले अनुसन्धान प्रक्रियालाई जानबुझ विलम्ब गराउने रणनीति अपनाउने र समय कटाउने प्रपञ्चहरू रच्न सक्छन् । अहिले पाँच वर्षे हदम्याद कायम रहँदा यही अवस्था देखिएका छन् ।**

**हदम्याद रहँदा केही सकारात्मक पक्षहरू पनि छन् । मुद्दा दायरको हदम्याद गुज्रने हुँदा समयमा मुद्दा दायर गर्नका लागि अनुसन्धान तथा प्रमाण सङ्कलन गर्ने निकायको सक्रियता बढ्छ । समयमा नै कारबाई प्रक्रिया थालिंदा प्रमाणहरू नष्ट हुन पाउँदैनन् । अर्कोतर्फ जो निर्दोष छ, उसलाई मुद्दा लगाइदिने धम्की दिँदै कुनै गलत पक्षले जीवनभर 'ब्ल्याकमेलिङ' गरिरहन पाउँदैन । त्यसैगरी, भ्रष्टाचारजन्य अपराधका दोषीलाई मृत्युभन्दा पहिले नै कारबाई गर्न र दण्ड, जरिवाना असुलउपर गर्न सहज हुन्छ । कारबाईको हदम्याद हटाउँदा पनि यसैगरी सकारात्मक र नकारात्मक दुवै पक्ष छन् । भ्रष्टाचारजन्य अपराध विश्वका अधिकांश मुलुकमा छ । त्यसलाई न्यूनीकरण तथा नियन्त्रण गर्न त्यहाँका सरकार लागिपरेका छन् । अमेरिका, बेलायत, क्यानडा, सिङ्गापुरलगायतका मुलुकहरूमा पनि हदम्यादको व्यवस्था छ । हदम्याद हटाएमा भ्रष्टाचारीले फाइदा उठाउने उनीहरूको तर्क छ । त्यसैगरी, हदम्याद नै नलाग्ने मुलुकहरू पनि छन् । अनुभव र बुझाइ आआफ्नो हो । भ्रष्टाचार नियन्त्रणका लागि मौजुदा ऐन, कानूनको कडाइका साथ पालना गर्नु र अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायत न्यायिक एकाइहरूको इमानदार प्रयासको खाँचो छ ।**

# सरकार हेक्का रहोस्: बङ्गलादेशको घटनाक्रम ताजै छ

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com

**यो सरकारले काम गर्न सक्छ र गर्नैपर्छ, होइन भने दुई ठूला दलहरू मिलेर पनि काम गर्न सक्दैनन् भने वास्तवमैं नेपालमा पुराना राजनीतिक दलहरूको नेतृत्वमा सरकार चल्दैन भनेर जान्नुपर्ने हुन्छ र खुलारूपमैं नयाँ दलको नेतृत्वमा सरकार बनाउन पुराना दललाई बिदा दिनुपर्छ ।**

पछिल्लो २०७९ को निर्वाचनपछि वर्तमान दुई ध्रुवका दलको यो चौथो सरकार हो, जसको नेतृत्व केपि ओलीले गरिरहेका छन । काले-काले मिलेर खाउँ भालेको सरकार हो यो भनी बालेनले आफ्नो स्ट्याटसमा लेखेका थिए । ४६ साल र ६२ र ६३ पछिको आमूल राजनीतिक परिवर्तनले देशलाई अधोगतितिर लग्नुबाहेक देशका नेताहरूले केही गर्न सकेका छैनन् । विभिन्न काण्डैकाण्डमा मुछिएकाहरू मन्त्रिमण्डलमा सामेल छन् । यिनीहरूबाट हामीले के आशा राख्ने ? आसैआसमा ३४ वर्ष बितिसकेको छ । अब कति आस गर्ने ? तथापि लोकतन्त्रको विधि अनुसार र २०७२ को संविधान अनुसार नै देश चलिरहेको कुरामा दुई मत छैन ।

०७९ को निर्वाचन भएपछि नेपालमा अहिले चौथो सरकार बनेको छ । पहिलो प्रचण्ड प्रधानमन्त्री समर्थक एमाले, दोस्रो प्रचण्डकै नेतृत्व तर काङ्ग्रेसको समर्थन, अनि फेरि प्रचण्डकै नेतृत्वमा फेरि एमालेको समर्थन र अहिले एमालेको नेतृत्वमा काङ्ग्रेसको समर्थनको सरका । कहीं नभएको जात्रा हाँडी गाउँमा भनेझैं हाम्रो देशमा दुई वर्षमा चारवटा सरकार । पहिलो र दोस्रो ठूलो पार्टीलाई लोप्पा ख्वाउँदै तेस्रो पार्टीले सरकारको नेतृत्व लिएको थियो भने अहिले पनि पहिलो नभई दोस्रो पार्टीले नै नेतृत्व लिएको अवस्था छ । यस्तो पहिला र दोस्रा पार्टीको कमी कमजोरी वा तेस्रो पार्टीको बढी चतुऱ्याइँको कारण भयो, यस विषयमा छलफल आवश्यक छ ।

जेसुकै होस्, आखिर काङ्ग्रेस र एमाले मिलेर संविधान संशोधनसहितका एजेन्डा राखेर सरकार बनेको छ । सरकारका पक्षमा दह्रो समर्थन पनि छ । विपक्षमा ७४ मत मात्रै परेको अवस्था पनि हो, यसर्थ पनि विषय सोचनीय नै छ । फेरि संविधानमा के परिवर्तन गर्ने भनेर सार्वजनिक पनि भएको छैन, अनि दुईतिहाइ नभई संशोधन हुन नसक्ने संविधान छलफलविनै पनि त कसरी संशोधन होला भन्ने कुरा सरकारी पक्षलाई पनि थाहै होला । राष्ट्रियसभामा माओवादीको बहुमत छ, यदि उनीहरू सहमत भएनन् भने त्यो पनि अप्ठेरो छ ।

जे होस्, दुई ठूला पार्टीको सरकार बनेको छ, तीसँग धेरै अरू सानातिना पार्टी पनि छन् भने माओवादी, रास्वपा, राप्रपा र समाजवादी बाहिर बसेर प्रतिपक्षमा रहेका छन् । हुनत पहिले नै, निर्वाचनपश्चात्, काङ्ग्रेसको नेतृत्वमा मिल्न सक्नेहरू मिलेर सरकार बन्नुपर्ने अनि एमाले प्रतिपक्षमा बस्नुपर्ने हो । त्यसो नहुँदा एमालेको नेतृत्वमा मिल्न सक्नेहरू मिलेर काङ्ग्रेस विपक्षमा बस्नुपर्ने हो । तर, त्यसो नभई तेस्रो पार्टीको नेतृत्वमा पटकपटक दुई ठूला दलहरू पछि लागे । जनभावनाको अपहेलना गर्दै यस्तो काम गरियो, यो नराम्रो र अलोकप्रिय काम थियो । अहिले पनि ठीकै भयो भन्नु त्यति सान्दर्भिक छैन र हुँदै नहुने काम भयो भन्नुको पनि अर्थ छैन । किनकि, दुई ठूला दलहरू मिलेर सरकार चलाउँदा देश र जनताको पक्षमा काम हुन सक्छ भने राम्रो कुरा हो ।

कुरा के हो भने एउटा नेतृत्वमा र अर्को प्रतिपक्षमा हुँदा र दुवै एकै ठाउँमा हुँदा अलि फरक हुन्छ । विषयवस्तुलाई तोडमोड नगर्ने हो भने एउटा नेतृत्वमा र अर्को प्रतिपक्षमा हुँदा राम्रो हुन्थ्यो । काङ्ग्रेसविना एमालेले र एमालेविना काङ्ग्रेसले बहुमत नपाउने अवस्था आएको पनि त हुन सक्छ । हेर्दा सजिलो माने पनि गाँठी कुरा अर्कै हुन सक्छ । जे भयो राम्रो भयो मानौं र अबको बाटो राम्रोका लागि तय गरौं, किनकि अब पनि यो सरकार फेल हुँदा राम्रो हुन्न । जनताको मतको कदर गरेर यो सरकारले जबर्जस्त काम गर्नुपर्ने बाध्यता छ, फेरि जनताको झापड खानुपर्ने हुन्छ ।

२०६३-६४ देखि सरकारको नेतृत्व गर्दै आएको माओवादी पार्टी केही समयमात्रै सरकार बाहिर रह्यो । कहिले काङ्ग्रेस त कहिले एमालेले उसलाई साथ दिँदै आए । तर, जनजीवनमा कुनै सुधार आएन, देशले राहत पाएन, युवाहरूको विदेश मोह बढ्दै गयो, रोजगारको अवस्था गिर्दो भयो, देशका उद्योग धराशायी भए, व्यापारीहरू व्यापार छोडेर हिंड्न पर्ने अवस्था आयो । कुनै क्षेत्रमा पनि सन्तुष्टि महसूस हुन सकेन । यी सबै हाम्रो देशको सरकारको कारण हो भन्दा अत्युक्ति नहोला । यसकारण पनि अहिले बनेको यो सरकारले पनि काम गरेन र हिजोकै अवस्था कायम रह्यो भने गलत हुनेछ । त्यसपछि देशमा शासन व्यवस्था परिवर्तनको पाटो अगाडि आउन सक्छ ।

हुनत काङ्ग्रेस-एमालेको सरकार जनताले हेरिसकेको हो, फेरि पनि यो निर्वाचनपश्चात् त्यसमा पनि देशका दुई ठूला दलहरू मिलेर बनेको सरकार जनताले पाएको छैन । त्यसैले, साँच्चै देश बनाउन चाहेका हुन् त यिनीहरूले भन्ने विषय जनता जान्न चाहन्छ । यदि साँच्चै देश बनाउन चाहेका हुन् भने यति बलियो सरकारलाई कहींकतैबाट पनि काममा बाधा पर्ने अवस्था छैन । तसर्थ, यो सरकारले काम गर्न सक्छ र गर्नैपर्छ, होइन भने दुई ठूला दल मिलेर काम गर्न सक्दैनन् र गरेनन् भने वास्तवमैं नेपालमा पुराना राजनीतिक दलहरूको नेतृत्वमा सरकार चल्दैन भनेर जान्नुपर्ने हुन्छ र खुलारूपमैं नयाँ दलको नेतृत्वमा सरकार बनाउनका लागि पुराना दललाई निर्वाचनमार्फत बिदा दिनुपर्ने हुन्छ ।

माओवादी अध्यक्ष प्रचण्डले विश्वासको मत लिने बेला भनेको कुरा २०४७ देखिपछि पनि काङ्ग्रेस र एमालेले राप्रपालाई सघाउँदै देश विकासमा बाधा पारेकै हुन् र पटकपटक सरकार फेरेर नाटक मञ्चन गरेकै हुन् । नेपाली जनताले थेगेर आएको पञ्चायती व्यवस्थाको कालरात्रिका दिनलाई सम्झेर अनि प्रजातन्त्रको आगमनलाई राम्रो मानेर मात्रै जनताले साथ दिएको हो । धर्मनिरपेक्षता, गणतन्त्र त माओवादीका कारण आएको हो भनेर पनि भने, अनि माओवादीको टाउको काटेर ल्याउनेलाई पुरस्कारको व्यवस्था गराउने काङ्ग्रेस-एमाले नै त हुन् नि । यति भनेका मान्छे प्रचण्डले यति समय सरकार चलाउन पाउँदा जनताका काम गरेर देखाएको भए पक्कै पनि जनताले साथ दिन्थ्यो । खै त काम गरेको ? फेरि काङ्ग्रेस र एमालेले पनि त गर्न नसकेकै हुन् नि, त्यसैले यो अब अन्तिमपटकको मेलमिलापले यसलाई कार्यान्वयनमा ल्याउनैपर्छ उनीहरूले । यसर्थ, यो सरकारलाई राम्रो काम गर्नेबाहेक अरू छुट छैन । भविष्य आफ्नै हातमा छ । कसरी देशलाई विसङ्गतिबाट निकास दिएर विकास गराउने ।

अहिलेको हाम्रो राज्य व्यवस्थाको अवस्था र गणतन्त्रात्मक प्रणालीमा राजनीतिक पार्टीबाटै देश चलाउने हो । बहुदलीय व्यवस्थामा राजनीतिक पार्टीहरू नै सर्वेसर्वा हुन्छन् । यसरी हेर्दा यहाँ काङ्ग्रेस, एमाले र माओवादीलगायत राजनीतिक दलहरू नै देशको निकासका खम्बा पनि हुन् । हालसम्मको परिप्रेक्ष्यमा यी पार्टीहरूबाट गतिलो काम हुन सकेन र नेपालमा गत निर्वाचनमा केही नयाँ पार्टीको पनि जन्म हुन पुग्यो । यसर्थ, स्थापित यी पुराना पार्टीहरूले राम्ररी काम गरेनन् भने उदाएका नयाँ पार्टीमा जनमत जान सक्छ, त्यसपछिको अवस्था परिवर्तनकामी र व्यवस्थित बनेन भने वर्तमान शासनव्यवस्थाविरुद्ध नयाँ शासन प्रणाली खोजी हुन सक्छ ।

अन्त्यमा, सरकार, सावधान है । जनताको धैर्यलाई धेरै नाप्ने काम नगरौं ।

# आकर्षक तलब र ग्रीनकार्डको लोभमा पर्दा...

काठमाडौं, २८ साउन/रासस

वैदेशिक रोजगारका लागि मौरिससमा आकर्षक तलब र ग्रीनकार्डसमेत पाइने लोभमा फस्दा एक महिला चरम यौन तथा श्रम शोषणमा परेकी छन् ।

लामो यातनापछि उनी भागेर नेपालीहरूकै सहयोगमा घर फिर्ता हुन सफल त भइन् तर ती महिला ठूलो आर्थिक रकम गुमाउन पुगिन् भने यौन र श्रम शोषणमा परेर विक्षिप्त भएकी छन् । नेपाल फर्किएपछि उनले प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा दिएको जाहेरीका आधारमा उक्त घटनामा संलग्न रहेको आरोपमा आज एकजनालाई पक्राउ गरी अनुसन्धान थालिएको ब्युरोका सूचना अधिकारी प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए ।

उनका अनुसार उक्त घटनाका अभियुक्त झापाका ५४ वर्षीय वृद्धिराज न्यौपानेलाई आज काठमाडौं महानगरपालिका-७ गौरीघाटबाट पक्राउ गरी काठमाडौं जिल्ला अदालतमा पेश गरिएकामा आजै पाँच दिनको म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान थालिएको छ ।

अभियुक्त न्यौपानेले आर्थिक अवस्था कमजोर भएकी पीडित महिलालाई मौरिससमा मासिक ७० हजार कमाइ हुने र ग्रीनकार्डसमेत पाइने प्रलोभनमा विश्वास दिलाएर मौरिसस पुऱ्याएका थिए । उनले त्यहाँ पुग्नका लागि भन्दै पीडितबाट दुई लाख ५० हजार लिएको अनुसन्धानमा खुलेको ब्युरोले जानकारी दिएको छ ।

शुरूमा उनले गत माघमा मौरिसस पुऱ्याउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लगेर पीडित महिलालाई मरिसस लेखिएको क्याप लगाउन लगाइ फोटो खिचे । पहिचानका लागि मौरिससमा रहेका उनका साथीलाई त्यो तस्वीर पठाए । त्यसपछि उनले गत माघ १३ गते नेपालबाट भारतको नयाँ दिल्ली हुँदै मौरिसस पुऱ्याएको खुल्न आएको छ ।

त्यही टोपीका आधारमा पहिचान गरी मौरिससस्थित विमानस्थलमा उनका साथीले पीडितलाई रिसिभ गरी मौरिसियन नागरिकलाई जिम्मा लगाएको पनि अनुसन्धानमा खुलेको प्रहरी उपरीक्षक मिश्रले बताए ।

मौरिससका नागरिकले अभियुक्त न्यौपानेबाट उपहारस्वरूप खरीद गरी ल्याएको भनी दैनिक १७/१८ घण्टा घरको काम लगाइ समयमा खाना खान र तलबसमेत नदिई चरम श्रम शोषण तथा यौनशोषण गरेको पीडित महिलाले ब्युरोमा बयान दिएकी छन् ।

पीडित महिलाले नेपाल फर्काउन अनुरोध गर्दा अभियुक्तले घर मालिकले भने बमोजिम गर्न भनी डर, धम्कीसमेत दिएपछि काम गरेको ठाउँबाट रातिको समयमा भागेर उनी पोर्चुगलमा रहेका नेपाली नागरिकको सहयोगमा गत असार ३० गते नेपाल फर्कन सफल भएकी थिइन् ।

त्यसपछि उनले मानव बेचबिखन अनुसन्धान ब्युरो बबरमहलमा जाहेरी दिएपछि प्रहरीले अभियुक्तको खोजी थालेकामा आज न्यौपाने पक्राउ परेका हुन् ।

# शेयर बजारमा ऐतिहासिक कारोबार

काठमाडौं, २८ साउन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सोमवार हालसम्मकै उच्च रकमको कारोबार भएको छ । यो सातामा कारोबारको पहिलो दिन आइतवार हालसम्मको धेरै रु २५ अर्ब ७७ करोडमाथिको कारोबार भएकामा शेयर बजारमा आज त्योभन्दा बढी रकमको कारोबार भएको हो । निरन्तर उच्च अङ्को उकालो देखिएको नेप्से परिसूचकमा आजको कारोबार रु २७ अर्ब नाघेको छ ।

नेप्से परिसूचक आज ७० दशमलव ८१ अङ्कले बढेर दुई हजार ९३१ दशमलव ६५ को बिन्दुमा कायम भएको छ । यो दुई दशमलव ४७ प्रतिशतको वृद्धि हो । आज ३३९ कम्पनीका छ करोड ४८ लाख ७६ हजार २१७ कित्ता शेयर दुई लाख ८३ हजार ४७ पटक खरीद-बिक्री हुँदा रु २७ अर्ब २४ करोड २० लाख ३४ हजार ७६५ बराबरको कारोबार भएको छ ।

कुल बजार पूँजीकरण रु ४६ खर्ब ५३ अर्ब ४३ करोड ४९ लाख ८३ हजार तीन सय पुगेको छ । लगानी समूह शून्य दशमलव १९ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव १९ प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन् । सबैभन्दा धेरै जीवन बीमा समूह पाँच दशमलव ८५ र वित्त समूह चार दशमलव ८१ प्रतिशतले बढेका छन् ।

आजको कारोबारमा सातवटा कम्पनीका शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड, जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड, श्वेतगङ्गा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सन लिमिटेड, शुभम् पावर लिमिटेड र भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडका शेयर मूल्य १० प्रतिशतले बढेका छन् ।

कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने आज नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु एक अर्ब २२ करोड ८० लाख ७२ हजार ४०३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने नबिल ब्यालेन्स फन्ड-२ को रु २६ लाख ६९ हजार ३५० बराबरको कारोबार भएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# राष्ट्रिय युवा नीति भदौभित्रै जारी हुन्छ –मन्त्री चौधरी

प्रस, वीरगंज, २८ साउन/

युवा तथा खेलकूदमन्त्री तेजुलाल चौधरीले राष्ट्रिय युवा नीति, २०८१ भदौ महीनाभित्रै जारी हुने बताएका छन् ।



अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा काठमाडौंमा सोमवार आयोजित कार्यक्रममा मन्त्री चौधरीले निकट भविष्यमैं राष्ट्रिय युवा नीति, २०८१ जारी गर्ने बताए । उनले सकेसम्म भदौ महीनाभित्रै ल्याउने गरी तयारी भइरहेको जानकारी गराए ।

उनले स्वस्थ, कर्मठ र उद्यमी युवा तयार पार्ने सङ्कल्प गर्न आवश्यक रहेको बताए। उनले नेपाली युवाहरूको समस्या पहिचान र समाधानको बाटो पहिल्याउन आवश्यक रहेको बताए। उनले सिर्जना, क्षमता र साहसको स्रोत मान्ने युवा वर्गलाई समयमैं रोजगार, सञ्चार, खाद्यान्न, शिक्षादीक्षा, जलवायुलगायतका महत्त्वपूर्ण विधामा भएको रूपान्तरणलाई आत्मसात् गरी नवीनतम र सिर्जनात्मक प्राविधिक ज्ञानको प्रयोग गर्नुपर्ने अवसर र चुनौती थपिएको बताए।

मन्त्री चौधरी सिर्जना, क्षमता र साहसको स्रोत मान्ने युवावर्गलाई समयमैं रोजगार, सञ्चार, खाद्यान्न, शिक्षा, दीक्षा, जलवायुलगायतका महत्त्वपूर्ण विधामा भएको रूपान्तरणलाई आत्मसात् गरी नवीनतम र सिर्जनात्मक प्राविधिक ज्ञानको प्रयोग गर्नुपर्ने अवसर र चुनौती थपिएको बताए। उनले समृद्ध नेपालका लागि युवा र प्रविधिको उत्तम प्रयोग गर्न सक्नुपर्ने सुझाए ।

मन्त्री चौधरीले दिगो विकासका लक्ष्यप्राप्तिका लागि मोबाइल, उपकरण, डिजिटल प्लेटफर्महरू, आर्टिफिसियल इन्टलिजेन्स विकासका महत्त्वपूर्ण साधन बनेका र यसले आर्थिक, सामाजिक र वातावरणीय आयामहरूमा गहिरो प्रभाव पार्नुका साथै नीति निर्माणका लागि समेत आधार तय गर्दै गएको बताए।

उनले भने– "नेपाली युवाहरूको समस्या पहिचान र समाधानको बाटो पहिल्याउन आवश्यक रहेको बताए। समृद्ध नेपालका लागि युवा र प्रविधिको उत्तम प्रयोग गर्न सक्नुपर्छ । स्वस्थ, कर्मठ र उद्यमी युवा तयार पार्ने सङ्कल्प गन आवश्यक छ। नेपाली युवाहरूको समस्या पहिचान र समाधानको बाटो पहिल्याउन आवश्यक छ।"

# प्रशिक्षणका लागि पालिकास्तरसम्म पुग्दै अशोक राई

प्रस, सिराहा, २८ साउन/

जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राईले उपेन्द्र यादवसँग पार्टी विभाजन गर्नुपर्ने कारण र समसामयिक विषयमा पार्टी सिराहाका नेता तथा कार्यकर्ताहरूलाई प्रशिक्षण दिइरहेका छन् ।

सिराहाको निर्वाचन क्षेत्र नं ४ कर्जन्हामा सोमवार प्रशिक्षण दिने क्रममा अध्यक्ष राईले पालिकास्तरसम्म पुगेर प्रशिक्षित गर्दै पार्टी सङ्गठन मजबूत बनाउनेतर्फ लाग्न अभियान नै थालनी गरेको बताए ।
पार्टीका स्थानीय अगुवा कार्यकर्ताहरूको सहभागिता रहेको प्रशिक्षण कार्यक्रममा उनले पार्टी विभाजनको औचित्यबारे प्रकाश पारेका थिए ।

उपेन्द्र यादव नेतृत्वको जनकपुरको एकता महाधिवेशनले नै विभाजनको रेखा कोरेको अध्यक्ष राईको आरोप थियो । उनले उपेन्द्र यादव मात्रै अध्यक्षमा निर्विरोध भएको भनिए पनि अरू पदाधिकारी ल्याउन नसकेकोमा आलोचना गरे ।

एकजना मान्छेलाई अध्यक्षको कुर्सीमा राख्ने, पार्टीको सम्पूर्ण अधिकार सुम्पिएर तमाम नेता, कार्यकर्तालाई पङ्गु बनाउने पनि महाधिवेशन हुन्छ ? भन्दै प्रश्न गरे ।




# वार्षिकोत्सवमा मन्दिर सफाइ

प्रस, वीरगंज, २६ साउन/

नेपाल प्रहरी श्रीमती सङ्घको ४०औं वार्षिकोत्सवको अवसरमा सोमवार वीरगंजस्थित गहवामाई मन्दिर परिसरमा सफाइ गरिएको छ ।

सामुदाय–प्रहरी साझेदार कार्यक्रम अन्तर्गत वार्षिकोत्सवको अवसरमा जिल्ला प्रहरी कार्यालय पर्सा, ग्रीनसिटी सामुदायिक सेवा केन्द्रको आयोजनामा सफाइ कार्य गरिएको थियो। कार्यक्रममा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेल, ग्रीनसिटीका जयप्रकाश खेतान, प्रहरी निरीक्षक रोशन थापा, वीरगंज महानगका सरसफाइ अधिकृत सर्फुद्दीन मियाँ, प्रनानि राजाराम यादव, रूँगटा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रूङ्टा, सामुदायिक सेवा केन्द्र माईस्थानका ग्याँसु मियाँ ठकुराई, प्रसनि मीना बडाललगायतको सहभागिता थियो ।

# ट्राफिकले आठ लाख राजस्व उठायो

प्रस, रौतहट, २८ साउन/

जिल्ला ट्राफिक कार्यालय, रौतहटले चालू साउन महीनाको २७ गतेसम्म आठ लाख तीन हजार राजस्व सङ्कलन गरेको छ । सो अवधिमा सवारी नियम उल्लङ्घन गर्ने ९४८ जना सवारी चालकलाई कारबाई गरी सो राजस्व सङ्कलन गरिएको जिप्रका, रौतहटले जनाएको छ ।

जिल्ला ट्राफिक कार्यालय, रौतहटबाट खटिएको टोलीले चेकजाँचको क्रममा सवारी नियम उल्लङ्घन गर्नेलाई कारबाई गरी राजस्व एक महीनामा आठ लाख राजस्व सङ्कलन गर्न सफल भएको जिप्रका, रौतहटकी सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक एलिजा गिरीले बताइन् ।

# खाली कन्टेनर नहटाइँदा भन्सारको 'यार्ड' भरिभराउ

वीरगंज (पर्सा), २८ साउन/रासस

वीरगंजको श्रीसियास्थित सुक्खा




बन्दगाह भन्सार कार्यालयको 'यार्ड'मा लामो समयसम्म खाली कन्टेनर नहटाइँदा व्यवस्थापनमा चुनौती थपिएको छ । कोभिड–१९ महामारीदेखिका खाली कन्टेनर रोटेसन नहुँदा भन्सार यार्डमा खाली कन्टेनरको चाङ देखिएको छ । सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले बन्दगाहको भन्सार यार्डमा एक हजार ५७६ खाली कन्टेनर हुँदा ठाउँ व्यवस्थापनमा समस्या भएको जानकारी दिए ।

"विशेषगरी कोभिड महामारीको समयमा कार्गो रेलले मालवाहक कन्टेनर छाडेर खाली र्‍याक रित्तै फर्किंदै गए । त्यही बेलादेखि थुप्रिएको खाली कन्टेनर अहिलेसम्म पनि यथावत्‌रूपमा नै रहेका छन्," उनले भने, "अहिले मालवाहक कन्टेनर सामान बोकेर आउने गर्छन् । जति सामान बोकेर आउँछन् । त्यत्ति नै खाली कन्टेनर बोकेर जाँदा पहिलाको खाली कन्टेनर यथास्थितिमा रहिरहने प्रवृत्ति देखिएको हो ।" कार्यालयका अनुसार दुई सय कन्टेनरमा भने लिलामी गर्नुपर्ने विभिन्न सामान तथा उपकरण रहेका छन् ।

प्रमुख भन्सार अधिकृत बरुवालले खाली रहेका कन्टेनर लैजानका लागि र्‍याक खाली भएको कार्गो रेल आउनुपर्ने बताए । "कार्गो रेलले एकपटकमा कम्तीमा पनि ६० कन्टेनर ओसार्न सक्ने क्षमता रहन्छ," उनले भने, "यहाँ रहेका खाली कन्टेनर हटाउनका लागि कम्तीमा पनि २० देखि ३० पटक खाली र्‍याक भएको कन्टेनर ल्याउनुपर्ने हुन्छ। खाली र्‍याक मात्र ल्याउँदा लागत खर्च धेरै लाग्ने भएकाले पनि व्यवसायीले आनाकानी गर्दै आइरहेको देखिन्छ ।"

प्रमुख भन्सार अधिकृत बरुवालले नेपाल इन्टरमोडल यातायात विकास समिति र भारतको प्रिस्टिन भ्याली ड्राइपोर्टलाई खाली भएका कन्टेनर हटाउनका लागि छलफल गर्दै आइरहेको जानकारी दिए। सुक्खा बन्दरगाह भन्सार कार्यालयमा कन्टेनर भरिभराउ देखिए पनि अधिकांश खाली रहेको उनको भनाइ छ । "बाहिरबाट हेर्दा भन्सार यार्ड भरिभराउजस्तै देखिन्छ । तर रित्तो कन्टेनरका कारण यार्ड व्यवस्थापनमा पनि समस्या थपिरहेको छ," उनले भने।

यहाँ विशेषगरी विशाखापट्टनम र कोलकाताबाट धेरै मालवाहक कन्टेनर आउने गर्छन्। सुक्खा बन्दरगाह ५७ बिघा क्षेत्रफलमा अवस्थित छ । यो यस्तो खालको बन्दरगाह हो, जहाँ कार्गो रेलबाट मात्र मालसामान ल्याउने गरिन्छ । यो सन् २००० मा विश्व बैंकको ऋण सहयोगमा रु ८२ करोडको लागतमा निर्माण गरिएको हो। भारत सरकारको २० करोडको लागतमा रक्सौलबाट बन्दरगाहसम्म रेल लिङ्क निर्माण गरिएको हो ।

अहिले सुक्खा बन्दरगाह व्यवस्थापनको काम भने इन्टरमोडल यातायात विकास समितिमार्फत हुँदै आइरहेको छ। नेपाल इन्टरमोडल यातायात विकास समिति र भारतको प्रिस्टिन भ्याली ड्राइपोर्टबीच पाँच वर्षका लागि रु तीन अर्ब ३३ करोडमा ठेक्का सम्झौता भएको छ । प्रिस्टिनले सुक्खा बन्दरगाह सञ्चालन र व्यवस्थापन गरेबापत औसतमा वार्षिक रु ६६ करोड समितिलाई उपलब्ध गराउने गर्छ ।

# विवाह परम्पराको कथामा 'वर एन्ड वधू'

काठमाडौं, २८ साउन/रासस

विवाह संस्कृति र परम्परालाई मुख्य विषयवस्तु बनाएर निर्माण गरिएको मिलन चाम्सद्वारा निर्देशित चलचित्र 'वर एन्ड वधू' प्रदर्शनको तयारीमा जुटेको छ। आगामी भदौ १४ गतेदेखि प्रदर्शन हुने उक्त चलचित्रमा विवाहको महत्त्व र परिवारसँग सम्बन्धका कथा प्रस्तुत गरिएको निर्देशक चाम्सले जानकारी दिए।

"पछिल्लो समय विवाहलाई लिएर नयाँ पुस्तामा बनेको धारणा र परम्परा, पारिवारिक महत्त्वलाई फिल्मभित्र प्रस्तुत गरेको छु। साथै प्रवासी नेपालीको जीवन र प्रेममा आउने उतारचढावलाई समावेश गरिएको छ । यसले बुबा र छोरा पुस्तालाई एकअर्कासँग नजीक बनाउँछ," निर्देशक चाम्सले भने ।

नेपाल र रोमानियामा छायाङ्कन गरिएको चलचित्रमा नेपाल र प्रवासी नेपालीको विवाह सन्दर्भलाई देखाइएको




छ । अभिनेत्री आँचल शर्माले यस चलचित्रमा आफूले चुलबुले तर आत्मविश्वासी युवतीको भूमिकामा अभिनय गरेको जानकारी दिइन् । चलचित्रमा आँचलको जोडीका रूपमा विवेक कर्माचार्यलाई देख्न सकिन्छ । अभिनेता कर्माचार्यले पात्रलाई जीवन्त बनाउन सक्दो मेहनत गरेको प्रतिक्रिया दिए ।

"पहिलो चलचित्रमा सबैको साथ लिएर काम गरेको छु। मैले हरेक दृश्यमा शतप्रतिशत मेहनत गरेको छु । यो मेरालागि सिकाइ पनि बनेको छ, अवसरका लागि कृतज्ञ छु," उनले भने ।

चलचित्रमा विजय लामा, गरिमा शर्मा, किरण केसी, सरीता लामिछाने, कुसुम शर्मा, सृष्टि खड्का, हिमेश पन्त, यमन श्रेष्ठलगायतका कलाकारले अभिनय गरेका छन् । मिलन श्रेष्ठको सम्पादन, हिमाल केसीको द्वन्द्व निर्देशन रहेको चलचित्रको कथा प्रदीप भारद्वाजले लेखेका हुन्। चलचित्रमा सुस्मिता वाइवाले नृत्य निर्देशन गरेकी छन्।



**ड्रागनखेती**ः सिराहाको लहान नगरपालिका–१६ तरेगणाका किसानले गरेको ड्रागनखेती । पछिल्लो समय ड्रागनखेतीतर्फ सिराहाका कृषकको आकर्षण बढ्दै गएको छ । तस्बिरः सुदीप राउत/रासस

# खाद्य तथा पोषण कार्यक्रमको क्षेत्र विस्तार

प्रस, जनकपुरधाम, २८ साउन/

बाढी प्रभावितका लागि सङ्घीय सरकारद्वारा सञ्चालित खाद्य तथा पोषण सुरक्षा कार्यक्रम मधेस प्रदेशको थप चारवटा स्थानीय तहमा विस्तार भएको छ ।

धनुषा र महोत्तरीका बाढी प्रभावित गाउँपालिकाका गरीब तथा विपन्न किसान परिवारलाई लक्षित गरी कार्यक्रम विस्तार गरिएको हो ।
विश्व बैंकको सहयोगमा सञ्चालित उक्त कार्यक्रम महोत्तरीको सम्सी, सोनमा र धनुषाको बटेश्वर तथा जनकनन्दनी गाउँपालिकामा हाल विस्तार गरिएको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लस्टर एकाइ धनुषाका वरिष्ठ कृषि विकास अधिकृत युगलकिशोर तिवारीका जानकारी दिएका छन् ।

विस्तारित पालिकाहरूमा यही साउनदेखि कार्यक्रम शुरू भएको छ । यस अघि धनुषाका मुखियापटी, मुसरनिया, धनौजी एवं महोत्तरीको पिपरा एकडारा गाउँपालिकामा मात्रै कार्यक्रम लागू थियो ।

# १७ अस्पतालले मन्त्रालयमा बुझाए रिपोर्ट कार्ड

काठमाडौं, २८ साउन/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसमक्ष १७ वटा अस्पतालले रिपोर्ट कार्ड बुझाएका छन् । अस्पतालहरूले काम तथा सेवाको विवरणसहितको रिपोर्ट कार्ड मन्त्रालयमा बुझाएको सो मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिए ।

मन्त्री प्रदीप पौडेलको नौ बुँदे निर्देशनपछि अस्पतालले रिपोर्ट कार्ड बुझाएको उनले बताए । उनका अनुसार शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर काठमाडौं, धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कान्ति अस्पताललगायतले रिपोर्ट कार्ड बुझाएका छन् ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले दिनमा बिहान नौ बजेदेखि दिउँसो चार बजेसम्म दुई सिफ्टमा सेवा आरम्भ गरेको छ। अस्पतालले स्वास्थ्य बीमाका सेवाग्राहीलाई ९० प्रतिशतभन्दा बढी औषधि आफ्नै फार्मेसीबाट वितरण थालेको जनाएको छ ।

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा साधारण बहिरङ्ग सेवा बिहान ९ देखि ४ बजेसम्म प्रवाह गरिएको छ। अस्पतालले अनलाइन टिकटको सेवा पनि शुरू गरेको अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीले जानकारी दिए।

रिपोर्टमा राष्ट्रिय ट्रमा सेन्टर काठमाडौंले २४सैं घण्टा आकस्मिक




शल्यक्रिया सेवा सुरुआत गरेको उल्लेख गरेको छ । अस्पतालले नियमित शल्यक्रियाका लागि भर्ना भएका बिरामीको एक हप्ता र बहिरङ्ग सेवा (ओपिडी)का लागि एक महीनामा पालो आउने व्यवस्था मिलाएको जनाएको छ।

मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरले एक महीनाभित्र नै शल्यक्रिया गर्ने व्यवस्था मिलाएको जनाएको छ। अनलाइनबाटै प्रयोगशाला रिपोर्ट लिने व्यवस्था पनि अस्पतालले रिपोर्टमा उल्लेख गरेको छ।

साथै कान्ति बाल अस्पताल महाराजगंजमा आकस्मिक बाल उपचारका लागि छ शय्या तथा निगरानीकाका लागि २० शय्या थपको प्रक्रिया आरम्भ भएको छ। अस्पतालमा भीड व्यवस्थापनका लागि 'टोकन' प्रणाली थप व्यवस्थित बनाइएको अस्पतालको भनाइ छ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले भीड व्यवस्थापनका लागि साधारण र शुल्क क्लिनिक प्रणाली व्यवस्थापन गरेको जनाएको छ। डिजिटल बिल प्रणाली आगामी भदौ १ गतेदेखि शुरू गर्ने र बिदाका दिन पनि ओपिडी र शल्यक्रिया सेवा शुरू गर्ने अस्पतालले उल्लेख गरेको छ।

वीरगंजको नारायणी अस्पतालले शय्याको समस्या नरहेको बताएको छ । अस्पतालले भीड व्यवस्थापनका लागि टोकन प्रणाली र अनलाइन टिकटको व्यवस्थापन गरिएको जनाएको छ।

बिपी कोइराला मेमोरिल क्यान्सर अस्पताल चितवन, सुशील कोइराला प्रखर क्यान्सर अस्पताल खजुरा, जिपी कोइराला श्वासप्रश्वास केन्द्र तनहुँ, वीर अस्पताललगायतले पनि भीड व्यवस्थापन, सरसफाइलगायतमा उल्लेखनीय सुधार गरेको जनाएका छन्।

# एमाले पर्साको बैठक सम्पन्न

प्रस, वीरगंज, २८ साउन/

नेकपा एमाले पर्सा जिल्ला कमिटीको दोस्रो प्रदेश कमिटी अध्यक्ष चन्देश्वर मण्डल, केन्द्रीय सदस्य तथा पर्सा इन्चार्ज प्रभु



पूर्ण बैठक सोमवार सम्पन्न भएको छ।

जिल्ला अध्यक्ष डा विश्वम्भर शर्माको अध्यक्षता तथा स्थायी कमिटी सदस्य तथा मधेस प्रदेशका इन्चार्ज एवं बैठकका प्रमुख अथिति लीलानाथ श्रेष्ठले मिसन ८४ को लक्ष्य लिएर ग्रासरुटमा पार्टी सङ्गठन निर्माण गर्न कार्यकर्तालाई निर्देशन दिएका थिए । उनले पार्टीमा इमानदारी र निष्ठावान् कार्यकर्ताले मात्र अवसर पाउने बताए । बैठकमा मधेस हजरा, निर्मला देवकोटा, सल्लाहकार परिषद् सदस्यहरू जालिम मियाँ, ठाकुरप्रसाद न्यौपाने, मुन्नी श्रीवास्तवलगायतले बैठक सफलताको लागि शुभकामना व्यक्त गरेका थिए । बैठकमा उपाध्यक्ष मनोजकुमार गुप्ताले प्रस्ताव प्रस्तुत गरे भने सहजीकरण सचिव महेश दासले गरेका थिए। बैठकले सचिवालय गठन, कार्यविभाजन र जिल्ला कमिटी सदस्यमा मनोनयन गरेको सचिव दासले बताए।

# ट्याक्टर पल्टिएर चालकको मृत्यु

प्रस, पोखरिया, २८ साउन/

जगरनाथपुर गाउँपालिकाको जानकीटोलास्थित गण्डक नहरमा



सोमवार दिउँसो ट्याक्टर पल्टिएर चालकको मृत्यु भएको छ।

इलाका प्रहरी कार्यालय, पोखरियाले छिपहरमाई गापाको टिउँकी निवासी चालक प्रेममुखिया बिनको मृत्यु भएको जनाएको छ । गण्डक नहरको पुलमा ट्याक्टर अनियन्त्रित भएर पल्टिएको र इन्जिनमा च्यापिएर चालकको मृत्यु भएको प्रहरीले जानकारी गराएको छ । रामभौरीभाथामा लागेको दुग्धेश्वर महादेवको मन्दिरमा सोमवारी मेलाबाट फर्कने क्रममा प्रदेश २-०२ ०१ त ५३३९ नम्बरको ट्याक्टर पल्टिएको प्रहरीले जानकारी गराएको छ । शव शल्यपरीक्षणका लागि नारायणी अस्पतालमा पठाएको इप्रका पोखरियाले जनाएको छ।




साउनको अन्तिम सोमवार पर्सा जिल्लाको पोखरिया नगरपालिकास्थित पोखरेश्वर महादेव, जीराभवानी गाउँपालिका सेढवस्थित जीराभवानी मन्दिर र वीरगंज महानगरको अलखियामठ र पशुपतिनाथ मन्दिरमा भक्तजनको भीड । तस्वीरः धर्मेन्द्र चौरसिया/नितेश कर्ण

## फरक समाचार

# रेड फ्लैग पार्टनरलाई कसरी चिन्ने ?

सम्बन्धप्रति सधैं होशियार रहनुपर्छ किनकि तपाईंको एउटा गलत निर्णयले सम्पूर्ण जीवन बर्बाद गर्न सक्छ, त्यसैले जीवनसाथी छनोट गर्नु अघि धेरै कुरा ध्यानमा राख्नुपर्छ, तब मात्र भविष्यमा प्रतिबद्धता दिनु उचित हुन्छ । यदि जीवनसाथी ग्रीन फ्लैग (हरियो झन्डा) छ भने मात्र सम्झौता स्वीकार गर्नुहोला। तर रेड फ्लैग (रातो झन्डा) छ भने यो घाटाको सम्झौता हुन सक्छ।




**रातो र हरियो झन्डा के हो ?**

रातो झन्डा त्यस प्रकारको पार्टनरलाई जनाउँछ, जसले तपाईंलाई कहिले पनि समर्थन गर्दैन। उसको खराब व्यवहार हुन्छ। उसको प्रकृति विषाक्त हुन्छ। यस्ता व्यक्ति जीवनभर प्रतिबद्धता दिन सक्दैनन् । अर्कोतर्फ, हरियो झन्डा त्यस्ता पार्टनरलाई भनिन्छ, जसले तपाईंलाई समर्थन गर्छ, सत्य बोल्छ, तपाईंको हेरचाह गर्छ, तपाईंको भविष्यप्रति प्रतिबद्ध रहन्छ र तपाईंलाई सम्मान गर्छ ।

**रातो झन्डा साझेदारलाई कसरी चिन्ने ?** रातो झन्डा भएका साझेदारबाट बच्न चाहनुहुन्छ, तर कुन व्यवहारले यसलाई सङ्केत गर्छ, त्यो बुझ्न असमर्थ हुनुहुन्छ भने पहिचान गर्ने तरीका छ ।

**नियन्त्रण प्रकृति :** कहिलेकाहीं तपाईंलाई गलत कुरामा बाधा पुर्‍याउने वा गलत कदमबारे चेतावनी दिनु नराम्रो होइन तर यदि उसले तपाईंलाई हदभन्दा बढी नियन्त्रण गर्न खोजिरहेको छ भने बुझ्नुहोस् कि यो भविष्यमा तपाईंको लागि विषाक्त साबित हुन सक्छ ।

**सञ्चारप्रति बेवास्ता :** यदि तपाईंको पार्टनर तपाईंसँग खुलेर कुरा गर्न हच्किन्छ वा भन्न डराउँछ भने यस्तो 'कम्युनिकेशन ग्याप' कुनै पनि सम्बन्धको लागि राम्रो हुँदैन। राम्रो सम्बन्ध तब हुन्छ, जब तपाईं आफ्नो पार्टनरसँग भावना बाँड्न डराउनुहुँदैन ।

**झूटो बोल्ने :** यदि तपाईंको पार्टनर तपाईंसँग लगातार झूट बोल्दैछ वा सत्य लुकाउँदै छ भने यो धोखा दिने प्रकृतिको हुन सक्छ, जुन तपाईंको सम्बन्धको लागि बिल्कुल राम्रो छैन, यो सबैभन्दा ठूलो रातो झन्डा मानिन्छ ।

**पृथक :** दुई व्यक्तिको स्वभाव र रुचि अलि फरक हुनु सामान्य कुरा हो, जसले सम्बन्धमा कुनै खतरा उत्पन्न गर्दैन, तर यदि तपाईं दुवैको सोच र बानी पूर्णतया फरक छ भने सम्बन्ध टिकाउन गाह्रो हुन्छ ।

# नरिवल पानी मिर्गौलाको साथी

मिर्गौलामा जब कडा वस्तु जम्मा हुन थाल्छ, तब त्यसलाई मिर्गौलाको पत्थरी भनिन्छ। यो पीडादायी अनुभव हुन्छ। यसले पिसाब नलीमा अवरोध पनि हुन सक्छ । मिर्गौलाको पत्थरीले बान्ता, ज्वरो र पिसाबमा रगत आउन सक्छ ।



प्रसिद्ध पोषणविद् नमामी अग्रवालले इन्स्टाग्राम पोस्टमा मिर्गौलाको पत्थरी भएमा गर्न सकिने सबैभन्दा प्रभावकारी उपाय बताएकी छन् । उनी मिर्गौलाको पत्थरीको लागि नरिवलको पानी रामबाण औषधि भएको बताउँछिन्। यसले शरीरलाई हाइड्रेट गर्छ र समग्र स्वास्थ्यलाई फाइदा पुर्‍याउँछ। यसले मिर्गौलाको पत्थरीबाट बचाउन सक्छ। आउनुहोस् जानौं किन यो स्वस्थ आहार मिर्गौलाको लागि राम्रो हुन्छ ।

**इलेक्ट्रोलाइट्सले भरिपूर्ण :** नरिवल पानी पोटाशियम, म्याग्नेशियम र सोडियमसहित इलेक्ट्रोलाइट्सको एउटा उत्कृष्ट स्रोत हो। यसले शरीरमा तरल पदार्थलाई नियन्त्रित गर्न मदत गर्छ, जसबाट मिर्गौलाको कार्य सही हुन्छ।

**एन्टिअक्सिडेन्टमा भरपूर :** पोषणविद्हरूका अनुसार नरिवल पानीमा पाइने उच्च मात्राको एन्टिअक्सिडेन्टले प्रोटिनलाई शरीरमा बाँध्नबाट रोक्छ। एन्टिअक्सिडेन्टले फ्री रेडिकलसँग लड्न पनि मदत गर्न सक्छ, धेरै पुराना रोगहरू विकास गर्ने जोखिम कम गर्छ ।

**प्राकृतिक मूत्रवर्धक :** मिर्गौलाको पत्थरी भनेको खनिज र लवणको कडा भण्डार हो। नरिवल पानी पिउनाले विषाक्त पदार्थहरू बाहिर निकालेर क्रिएटिनिनको स्तरलाई सम्भावितरूपमा घटाएर क्रिस्टलाइजेशन रोक्न मदत गर्न सक्छ ।

**पिसाबलाई पातलो बनाउँछ :** नियमितरूपमा नरिवल पानी पिउने मानिसहरूको पिसाब पातलो हुन्छ किनभने यसले मिनरल क्रिस्टल बनाउन रोक्छ।

# के हो 'फार्ट वाक'

विज्ञहरूले खाना खाएपछि हिंड्न सल्लाह दिन्छन्। हिंड्नु स्वास्थ्यका लागि निकै राम्रो मानिन्छ। यसले पाचन प्रक्रियामा सुधार गर्नुका साथै फिट राख्छ। यसैबीच एउटा नयाँ पदयात्रा भाइरल भएको छ, यसलाई 'फार्ट वाक' भनिन्छ। फार्ट वाक गर्नाले रक्तचाप नियन्त्रणमा रहन्छ र पाचन क्रिया राम्रो हुन्छ ।



हालै टिकटक सर्जक मर्लिन स्मिथले आफ्ना प्रशंसकहरूलाई फार्ट वाकबारे जानकारी गराएकी छन्। उनी र उनका पति राति खाना खाएपछि जुत्ता लगाएर ६० मिनेट पैदल हिंड्ने गर्छन्। फार्ट वाकबाट ग्याँस, ब्लोटिङ, अपच, छाती जलन वा अन्य पाचन समस्याहरूको सामना गरिरहेकाहरूका लागि उपयोगी हुन्छ।

**फार्ट वाक नाम किन राखियो ?** सरल शब्दमा भन्नुपर्दा, उच्च फाइबरयुक्त आहार खाएपछि ग्याँस निस्किन्छ, त्यसैले खाना खाएपछि हिंड्दा ग्याँस निस्किन्छ। त्यसैले यसको नाम फार्ट वाक राखिएको हो । विज्ञहरू र धेरै अध्ययनले खाना खाएपछि हिंड्दा खाना पचाउन मदत पुग्ने बताउँदै आएका छन् ।

फार्ट वाक गर्दा मुटुका मांसपेशीहरू मजबूत हुन्छन् र मुटु स्वस्थ रहन्छ । दैनिक हिंड्दा शरीरको क्यालोरी बर्न हुन्छ र तौल घटाउन मदत गर्छ। तनाव कम हुन्छ र मानसिक स्वास्थ्य राम्रो हुन्छ। हिंड्दा खुट्टाको जोर्नी बलियो हुन्छ र हिंड्ने गति पनि बढ्छ ।

**ब्लोटिङमा फाइदा :** रगतमा चिनीको मात्रा नियन्त्रणमा राख्न चाहनुहुन्छ भने खाना खाएपछि हरेक दिन ३० मिनेट द्रुत गतिमा हिंड्नुपर्छ। यो टाइप टु मधुमेह रोगीहरूको लागि लाभदायक हुन्छ, पाचन प्रक्रियामा सुधार हुन्छ र ग्याँस बाहिर निस्किएपछि ब्लोटिङ कम हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## पुटिनद्वारा रूसी क्षेत्रमा प्रवेश गर्ने युक्रेनी सेनालाई हटाउन आदेश

मस्को, २८ साउन/एएफपी

राष्ट्रपति भ्लादिमिर पुटिनले



सोमवार रूसी क्षेत्रमा प्रवेश गर्ने युक्रेनी सेनालाई 'हटाउन' आफ्नो सेनालाई आदेश दिएका छन् । अधिकारीहरूले युद्धबाट एक लाख २० हजारभन्दा बढी मानिसलाई टाढा सारिएको बताएपछि पुटिनले उक्त आदेश दिएका हुन् ।

किएभले गत मङ्गलवार रूसको पश्चिमी कुर्स्क क्षेत्रमा आश्चर्यजनक आक्रमण शुरू गर्दै दोस्रो विश्वयुद्धपछि रूसी भूमिमा सबैभन्दा महत्त्वपूर्ण सीमापार आक्रमणमा दुई दर्जनभन्दा बढी बस्ती कब्जा गरेको थियो ।

"द्वन्द्व सिर्जना गर्नु, मानिसहरूलाई त्रास देखाउनु, रूसी समाजको एकतालाई नष्ट गर्नु दुश्मनको स्पष्ट लक्ष्य हो," पुटिनले सरकारी अधिकारीहरूसँगको टेलिभिजन बैठकमा भने, "निस्सन्देह, रक्षा मन्त्रालयको मुख्य काम भनेको दुश्मनलाई हाम्रो क्षेत्रबाट लखेट्नु हो ।"

क्षेत्रीय गभर्नर एलेक्सी स्मिरनोभले पुटिनसँगको बैठकमा लडाइँ शुरू भएपछि करीब एक लाख २१ हजार मानिस कुर्स्क क्षेत्रबाट भागेका, कम्तीमा १२ जना मारिएका र १२१ भन्दा बढी घाइते भएका जानकारी दिए ।

कुर्स्कका अधिकारीहरूले १४ हजार बासिन्दा भएको बेलोभ्स्की जिल्लालाई समावेश गर्न आफ्नो निकासी क्षेत्र फराकिलो बनाउँदै घोषणा गरेका छन् । छिमेककी बेल्गोरोड क्षेत्रले पनि आफ्नो सीमावर्ती जिल्ला क्रास्नोयारूज्स्कीलाई खाली गरिरहेको बताएको छ ।

युक्रेनले यस क्षेत्रमा कम्तीमा १२ किलोमिटरभित्र पसेर ४० किलोमिटर लामो नयाँ मोर्चाका साथ २८ वटा शहर र गाउँ कब्जा गरेको स्मिरनोभले बताए ।

यो अभियान रूसी सेनालाई तन्काउन र अग्रपङ्क्तिमा महीनौंको सुस्त रूसी प्रगतिपछि देशलाई अस्थिर बनाउनका लागि भएको युक्रेनका एक शीर्ष अधिकारीले सप्ताहन्तमा बताएका थिए ।

पुटिनले 'दुःखमा परेका सबैलाई सर्वसम्मत समर्थन' देखाएर जवाफ दिने भन्दै त्यहाँ लड्नका लागि भर्ती हुने पुरुषहरूको सङ्ख्या बढेको दाबी गरे । "दुश्मनले उचित जवाफ पाउनेछ," उनले भने ।

**अधिकतम क्षति**

आक्रमणले क्रेमलिनलाई अनपेक्षित आश्चर्यचकित बनाएको देखिन्छ । यसलाई समाप्त गर्न रूसी सेनाले रिजर्भ सेना, ट्याङ्क, उड्डयन, तोपखाना र ड्रोनहरू तैनाथ गरेको छ । यद्यपि युक्रेनले रूसका भूभागमा ३० किलोमिटरसम्म प्रवेश गरेको क्रेमलिनले आइतवार स्वीकार गरेको छ ।

केही सेना रूस-युक्रेन सीमाबाट २५ किलोमिटर र ३० किलोमिटर टाढा रहेको टोल्पिनो र ओब्श्ची कोलोदेज गाउँ नजीकै रहेको बताइएको छ ।

"यसको उद्देश्य दुश्मनको स्थिति विस्तार गर्नु, अधिकतम क्षति पुऱ्याउनु र रूसले आफ्नै सीमाको रक्षा गर्न नसक्ने अवस्थालाई अस्थिर बनाउनु हो,", युक्रेनका एक सुरक्षा अधिकारीले नाम उल्लेख नगर्ने शर्तमा भने । अभियानमा हजारौं युक्रनी सैनिक सहभागी भएको उनले बताए ।

रूसी रक्षा मन्त्रालयले सोमवार उसको वायु रक्षा प्रणालीले कुर्स्क क्षेत्रमा ११ ड्रोनसहित १८ युक्रेनी ड्रोनलाई नष्ट गरेको बताएको छ । रासस



**झुलनोत्सव पर्वः** मटिहानीस्थित प्रसिद्ध लक्ष्मीनारायण मठमा परम्परागतरूपमा मनाइँदै आएको पौराणिक झुलनोत्सव पर्व (मेला)को रौनक । आउँदो पूर्णिमा दिनसम्म मनाइने सो झुलनोत्सवको अवसरमा लक्ष्मीनारायण मठ मटिहानीबाट प्रत्येक दिन कलात्मक पालकीमा बाजागाजाका साथ भगवान् रामसीताको मूर्ति राखी भजनकीर्तन गर्दै झुला घरमा लगिने गरिन्छ। झुला पर्व त्रेतायुगदेखि नै प्रारम्भ भएको मानिन्छ। तस्बिर सौजन्यः मो. इसराफिल राइन/रासस

## १२ वर्षीय बालकद्वारा बेलायतको दङ्गामा भाग लिएको स्वीकार

लन्डन, २८ साउन/एएफपी

१२ वर्षीय एक बालकले सोमवार प्रहरीको भ्यानमा मिसाइल प्रहार गरेको स्वीकार गरेका छन् । उत्तरी




इङ्ग्ल्यान्डको एक शहरमा तीन युवतीको ज्यान जाने गरी भएको चक्कु प्रहारपछि सुदूर दङ्गापछि शुरू भएको दङ्गामा मिसाइल प्रहार गरेको उनले बताएका छन् ।

जिल्ला न्यायाधीश जोआन हर्स्टले हिंसामा ती बालकका कुनै पनि अन्य आरोपीको तुलनामा धेरै संलग्न रहेको र आफूले अदालतमार्फत वयस्क वा बालक आएको देखेको बताए । उमेरका कारण ती बालकको नाम बताउन नसकिएको बताइएको छ ।

बालकले उत्तरपश्चिमी इङ्ग्ल्यान्डको मेनचेस्टरको एक अदालतमा हिंसात्मक अव्यवस्थाका दुई आरोपमा दोष स्वीकार गरेका छन् ।

जुलाई २९ मा टेलर स्विफ्ट-थिम गरिएको नृत्य कक्षामा सामूहिक छुरा प्रहार गर्ने कथित अपराधीको बारेमा अधिकारीहरूबाट अति दक्षिणपन्थीलाई हिंसाका लागि दोषी ठहर गरेको गलत जानकारी फैलिएपछि अङ्ग्रेजी शहहरूमा दङ्गा फैलिएको थियो ।

अभियोजकहरूले ती बालक दुईदिनपछि मेनचेस्टरको एक होटलबाहिर शरण खोज्नेहरू भेला भएको समूहका हिस्सा भएको बताएका छन् ।

उनलाई स्थानीय प्रशासनको हिरासतमा पठाइएको छ र सेप्टेम्बर २ मा सजाय सुनाइनेछ । रासस

## महिला उद्यमी सम्मानित

बरहथवा (सर्लाही), २८ साउन/रासस

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा सर्लाहीको हरिवन नगरपालिकाले उद्यमी



महिलालाई सम्मान गरेको छ ।

सोमवार अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा विगत पाँच वर्षदेखि हरिवन नगरपालिका-४ गेल्हामा जुत्ता सिलाउने कारखाना सञ्चालन गरिरहेकी ३२ वर्षीया निर्मला महतोलाई सम्मान गरिएको नगरप्रमुख रमेश बुढाथोकीले जानकारी दिए । महतोलाई उदाहरणीय कार्य गरेको भन्दै प्रोत्साहनस्वरूप सम्मान गरिएको उनले बताए ।

"यहाँको समाजमा महिला भनेको चुलोचौकामा सीमित हुन्छन् र त्योभन्दा माथि जान सक्दैनन् भन्ने गलत सोच छ। त्यसलाई जवाफ दिन उद्यमी महतो सफल हुनुभएकाले सम्मान गरेका हौं," नगरप्रमुख बुढाथोकीले भने, "महतोले चाल्नुभएको कदम अन्य महिलाका लागि पनि प्रेरणाको स्रोत बन्न सक्छ ।"

सम्मानित भएकी महतोले स्वरोजगार भएर घर खर्च चलाउँछु भनेर शुरू गरेको पेशा उद्योगमा परिणत भएको बताइन् । यसले आफूलाई आर्थिकरूपमा आत्मनिर्भर हुनुका साथै आत्मसन्तुष्टि र सम्मानसमेत दिएको उनले प्रतिक्रिया दिइन् ।

"हाम्रो समाजमा महिलालाई काम गरिखा सजिलो छैन, त्यसैमा हेयका रूपमा हेरिने जुत्ताको काम झन् कठिन थियो तर मैले आफ्नो कर्ममा निरन्तर लगनशील भएर लागे आज यो अवस्थामा पुगेकी छु । अरूलाई पनि मेहनत गरेमा एक दिन अवश्य सफल भइन्छ भन्ने उदाहरण मिलेको छ," महतोले भनिन्, "तीनै तहका सरकारले युवालाई इच्छाएको सीपसँगै उद्यमी बन्न प्रोत्साहन सहयोग गर्न सके युवा विदेशिने क्रम पनि रोकिनेछ। यसतर्फ ध्यान दिन आग्रह गर्छु ।"

## मन्दिरमा भागदौडः सातजनाको मृत्यु, नौजना घाइते

जाहनाबाद, भारत, २८ साउन/एएनआई

भारतको एक मन्दिरमा सोमवार भएको भागदौडमा कम्तीमा सातजनाको मृत्यु हुनुका साथै अन्य नौजना घाइते भएका छन्। बिहार राज्यको जाहनाबाद जिल्लाको मखदुमपुरस्थित बाबा सिद्धनाथ मन्दिरमा भागदौडपछि उक्त दुःखद घटना भएको हो ।

घटनाको पुष्टि गर्दै जाहनाबादका जिल्ला प्रशासक अलङ्कृता पाण्डेले बाबा सिद्धनाथ मन्दिरमा भएको भागदौडमा मृतक तथा घाइतेको पुष्टि गर्दै हाललाई स्थिति नियन्त्रणमा रहेको बताएकी छन्। भागदौड कसरी शुरू भयो भन्ने विषयमा तत्काल कुनै जानकारी प्राप्त हुन सकेको छैन ।

जाहनाबादका प्रहरी प्रमुख दिवाकरकुमार विश्वकर्माले जिल्ला प्रशासक र प्रहरी उपरीक्षक घटनास्थलमा गई घटनाको जानकारी लिएको बताएका छन् । उनीहरूका अनुसार शवहरू शल्यपरीक्षाणका लागि पठाइँदै छ ।

यसैबीच, जाहनाबादका प्रहरी अधिकारी विकास कुमारले घटनाप्रति दुःख व्यक्त गर्दै उचित सुरक्षा व्यवस्था हुँदाहुँदै पनि दुःखद घटना घट्न पुगेको उल्लेख गरेका छन् । उनका अनुसार घटनाको बारेमा अनुसन्धान भइरहेको छ । रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | वादविवाद | वृष | यात्रालाभ |
| मिथुन | कडाश्रम | कर्कट | ज्ञानोदय |
| सिंह | उदरपीडा | कन्या | विजय |
| तुला | धनलाभ | वृश्चिक | भाग्योदय |
| धनु | बेचैनी | मकर | मनोरञ्जन |
| कुम्भ | कर्मप्राप्ति | मीन | प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

## अवामी लिगमाथि प्रतिबन्ध नलगाइने गृहमन्त्रीको भनाइ

ढाका, २८ साउन/एएफपी

बङ्गलादेशको अन्तरिम सरकारका गृहमन्त्रीले अपदस्थ प्रधानमन्त्री शेख हसिनाको अवामी लिग पार्टीमाथि प्रतिबन्ध लगाउने सरकारको कुनै मनसाय नरहेको बताएका छन् ।

"अवामी लिग पार्टीले बङ्गलादेशको लागि धेरै योगदान गरेको छ, हामी यसलाई इन्कार गर्दैनौं," सखावत हुसेनले भने, "निर्वाचनमा लिगले चुनाव लड्नुपर्छ ।"

गृहमन्त्रीको यो भनाइ बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिना वाजेदका छोरा सजीब वाजेदले आइतवार निर्वाचनविना यही अवस्था लम्बिएमा देश अराजकतातर्फ जाने चेतावनी दिएको एक दिनपछि आएको हो ।

आवामी लिगका नेता ७६ वर्षीया शेख हसिना प्रधानमन्त्री पदबाट राजीनामा दिई गत सोमवार मित्रराष्ट्र भारततर्फ गएकी थिइन्। पूर्वप्रधानमन्त्री हसिनाको सरकारमाथि १५ वर्षे कार्यकालका क्रममा उनका हजारौं राजनीतिक विरोधीहरूको गैरन्यायिक हत्यासहित व्यापक मानव अधिकार उल्लङ्घन गरेको आरोप लगाइएको छ।

वाजेदले करीब १७ करोड जनसङ्ख्या रहेको बङ्गलादेशमा राजनीतिक भविष्यका लागि हसिनाको दल आवामी लिग महत्त्वपूर्ण रहेको दाबी गरेका थिए ।

"हामीसँग १०औं लाख अनुयायी छन्। उनीहरू कतै जाँदैनन्," उनले एएफपीसँगको अन्तर्वार्तामा भने, "आवामी लिगविना बङ्गलादेशमा प्रजातन्त्र स्थापना गर्न सकिंदैन। कमसेकम देशका आधा जनताले यसलाई कहिल्यै स्वीकार गर्ने छैन ।" रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# अदालतको निर्णयविरुद्ध अध्यादेश जारी गर्न माग

प्रस, रक्सौल, २६ साउन/

रक्सौलस्थित स्थानीय प्रखण्ड मुख्यालय परिसरमा अम्बेडकर ज्ञान मञ्चको बैठक बसेर भारतीय सर्वोच्च अदालतद्वारा आरक्षण हटाउने निर्णयको विरोध गरिएको छ । अम्बेडकर ज्ञान मञ्चका अध्यक्ष रवि कुमारको अध्यक्षतामा बसेको बैठकले केन्द्रीय र राज्य सरकारले राम्ररी पैरवी नगरेको परिणाम सर्वोच्च अदालतबाट एससी, एसटी आरक्षणमा उपजतीय वर्गीकरण, क्रिमिलेयर तथा बिहारमा सङ्ख्याको आधारमा लागू आरक्षण हटेको आरोप लगाइएको थियो ।

बैठकले अदालतको सो निर्णय असंवैधानिक भएको ठहर गर्दै सोविरुद्ध चरणबद्ध आन्दोलन घोषणा गरेको छ । मञ्चका कार्यकर्ताहरूले सरकारले अदालतको निर्णयविरुद्ध अध्यादेश जारी गर्नुपर्ने नत्रभने यही अगस्त २१ तारिखका दिन भारत बन्द गरिने चेतावनी दिएका छन् । मञ्चका कार्यकर्ताले अविलम्ब अध्यादेश जारी गरिनुपर्ने माग गरेका छन् । यसो नभएको खण्डमा बाबासाहेब



डा भीमराव अम्बेडकरको रक्सौलस्थित प्रतिमामा माल्यार्पण गर्दै अगस्त २१ तारिखका दिन दिल्ली–काठमाडौं राष्ट्रिय राजमार्ग अवरुद्ध गरिन्छ । मञ्चले भारत बन्दलाई शान्तिपूर्ण सम्पन्न गर्न सहयोग पुऱ्याउन सबै पक्षसँग आग्रह पनि गरेको छ । बैठकमा संस्थापक मुनेश राम, रवि कुमार, रामपूजन राम, छोटेलाल राम, भाग्यनरायण साह, सञ्जीव कुमार, ताराचन्द्र राम, वीरेन्द्र राम, अमन कुमार, राजाबाबू कुमार र श्यामबिहारी पासवानलगायतको सहभागिता थियो ।

## एक महीनामा १६ जना फरार प्रतिवादी पक्राउ

प्रस, रौतहट, २८ साउन/

जिल्ला प्रहरी कार्यालय, रौतहटले साउन महीनामा १६ जना फरार प्रतिवादीलाई पक्राउ गरी रौतहट जिल्ला अदालतमा पठाएको छ ।

रौतहट जिल्ला अदालतबाट विभिन्न समयमा दण्ड, सजाय भएपछि फरार भएका १६ जनालाई साउन २७ गतेसम्म पक्राउ गरिएको सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक एलिजा गिरीले बताइन् । फरार सूचीमा रहेकामध्ये १६ जनालाई जिप्रका, रौतहट अन्तर्गतको टोलीले विभिन्न मितिमा पक्राउ गरी सजाय भुक्तानका लागि रौतहट जिल्ला अदालतमा पेश गरेको सूचना अधिकारी गिरीले बताइन् ।


## चटयाङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थान तथा रुखका छहारीमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |






## जिफन्टले युवा दिवस मनायो

प्रस, वीरगंज, २८ साउन/

'समृद्ध नेपाल सुखी नेपालीको लागि युवा सुदृढीकरण' नाराका साथ सोमवार बाराको सिमरामा अन्तर्राष्ट्रिय युवा दिवस मनाइएको छ ।

जिफन्ट युवा मधेस कमिटीद्वारा आयोजित कार्यक्रममा मधेस प्रदेश लेखा समितिकी अध्यक्ष मञ्जुकुमारी थापामगरले श्रमिक देशको समृद्धिको आधार युवा भएकाले उनीहरूलाई सबै तहका सरकारले अवसर दिनुपर्ने बताइन् ।

ह्वीनका अध्यक्ष आनन्द थामीले युवाले गुनासो गर्नुभन्दा राज्य, दल र सङ्गठनमा हस्तक्षेप बढाउनुपर्ने बताए । यसैगरी, श्रमिक नेताहरू कलमेश झा, गीता भण्डारी, केशव अधिकारी र सरीता नेपाललगायत वक्ताहरूले युवा दिवसको अवसरमा शुभकामना व्यक्त गरेका थिए ।

नवराज कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यानन्द कुशवाहाले स्वागत र लक्ष्मी चौधरीले सहजीकरण गरेकी थिइन् ।

## दलहरू जनचाहनाविपरीत चल्नुहुँदैन– अध्यक्ष लिङ्देन

लेखनाथ (कास्की), २८ साउन/रासस

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले राजनीतिक दलहरू नेपाली जनताको चाहनाविपरीत चल्न नहुने बताए ।

केदारेश्वर महादेवमणि सेवा आश्रम पोखराद्वारा सोमवार मन्दिर परिसरमा आयोजित बोलबम पदयात्रापछिको धार्मिकसभामा उनले राजनीतिक दर्शनभन्दा देश र धर्म ठूलो भएकाले दलहरूले सोही अनुसार काम गर्नुपर्ने बताए ।

पछिल्लो समय हिन्दू राष्ट्र कायम हुनुपर्छ भन्ने माग उठिरहेका बेला ठूला राजनीतिक दलहरूले सोच्नुपर्ने बेला आएको उनको भनाइ थियो ।

यस अघि पोखरा–१ स्थित सेती नदी किनार गाईघाटबाट शुरू भएको बोलबम पैदलयात्रा बगर, नदीपुर, महेन्द्रपुल, पृथ्वीचोक, सिमलचौर, रत्नचोक हुँदै केदारेश्वर महादेवमणि मन्दिर परिसरमा पुगेर धार्मिकसभामा परिणत भएको थियो ।

# खेलकूदको संसार

## पेरिस ओलम्पिक : अमेरिका ४० स्वर्णसहित शीर्ष स्थानमा

पेरिस, २४ साउन/एएफपी

आइतवारसम्मका विभिन्न स्पर्धापछि पेरिस ओलम्पिक खेलमा अमेरिका ४० स्वर्ण, ४४ रजत र ४२ कांस्यसहित १२६ पदकसहित अङ्कतालिकामा शीर्ष स्थानमा रहेको छ । चीन, जापान, अस्ट्रेलिया, फ्रान्स, नेदरल्यान्ड्स, बेलायत, दक्षिण कोरिया, इटाली र जर्मनी क्रमशः शीर्ष १० स्थानमा रहेका छन् ।



दोस्रो स्थानमा रहेको चीनले ४० स्वर्ण, २७ रजत र २४ कांस्यसहित कुल ९१ पदक हात पारेको छ भने जापानले २० स्वर्ण, १२ रजत र १३ कांस्य पदकसहित कुल ४५ पदक जित्दै अहिलेसम्मको अङ्कतालिकामा तेस्रो स्थान हासिल गरेको छ ।

त्यसैगरी, चौथो स्थानमा रहेको अस्ट्रेलियाले १८ स्वर्ण, १९ रजत र १६ कांस्यसहित ५३ पदक जितेको छ भने पाँचौं स्थानमा फ्रान्सले १६ स्वर्ण, २६ रजत र २२ कांस्यसहित कुल ६४ पदक जितेको छ ।

पदकतालिकामा छैटौं स्थानमा रहेको नेदरल्यान्ड्सले १५ स्वर्ण, सात रजत र १२ कांस्यसहित कुल ३४ पदक जितेको छ भने बेलायतले १४ स्वर्ण, २२ रजत र २९ कांस्यसहित ६५ पदक जित्दै सातौं स्थानमा रहन सफल भएको छ ।

आठौं स्थानमा रहेको दक्षिण कोरियाले १३ स्वर्ण, नौ रजत र १० कांस्यसहित कुल ३२ पदक जितेको छ भने १२ स्वर्ण, १३ रजत र १५ कांस्यसहित कुल ४० पदक जित्दै इटाली नवौं स्थानमा छ । जर्मनी १२ स्वर्ण, १३ रजत र आठ कांस्यसहित कुल ३३ पदक जितेर शीर्ष १० मध्ये अन्तिम स्थानमा रहेको छ । रासस

## त्रिवि क्रिकेट रङ्गशाला स्तरोन्नतिबारे सम्बद्ध निकायबीच सहकार्य

कीर्तिपुर (काठमाडौं), २८ साउन/रासस

त्रिभुवन विश्वविद्यालय परिसरस्थित क्रिकेट रङ्गशालालाई अन्तर्राष्ट्रियस्तरको निर्माण गर्नेबारे सम्बद्ध सरकारी निकायहरूले सहकार्य शुरू गरेका छन् ।

रङ्गशालाको स्तरोन्नतिको काम अघि बढाउन आइतवार सम्बद्ध मन्त्रालयहरू, त्रिवि र राष्ट्रिय खेलकूद परिषद्का प्रतिनिधिबीच छलफल भएको राष्ट्रिय खेलकूद परिषद्का सदस्यसचिव टङ्क घिसिङले जानकारी दिए । छलफलमा आवश्यक नीतिगत र भौतिक काममा समन्वय गर्ने सहमति भएको छ ।

नवगठित सरकारको पहिलो निर्णयका रूपमा मन्त्रिपरिषद्ले गत असार १३ गते आगामी तीन सय दिनभित्र त्रिवि क्रिकेट मैदानलाई सुविधासम्पन्न अन्तर्राष्ट्रियस्तरको रङ्गशाला बनाउने निर्णय गरेको थियो । क्रिकेट मैदानमा प्यारापिट, रात्रिकालीन खेलका लागि फ्लडलाइट निर्माण गर्नेलगायत आवश्यक संरचना बनाउने निर्णयमा उल्लेख छ । "सो निर्णय अनुसारका संरचना निर्माण गर्न त्रिवि, राखेप र शिक्षा, अर्थ तथा शहरी विकास मन्त्रालयबीच समन्वय गर्नुपर्ने भएकाले संयुक्त बैठक गरेर अघि बढेका हौं," सदस्यसचिव घिसिङले भने ।



उनका अनुसार रङ्गशालामा फ्लडलाइट निर्माण गर्न यस अघि 'टेन्डर' गर्ने निर्णय भएको थियो । सो टेन्डरबारे सार्वजनिक खरीद पुनरावलोकन समितिमा निवेदन परेका कारण प्रक्रिया स्थगित भएको हो । उक्त समितिबाट निर्णय आएपछि काम अघि बढ्ने उनले बताए । यसैगरी, प्यारापिट निर्माण गर्न गुरुयोजना तयार भएपनि ठूलै बजेट आवश्यक भएकाले शहरी विकासमार्फत योजना सञ्चालन गर्ने तयारी छ ।

रङ्गशालाको स्तरीकरणका लागि त्रिभुवन विश्वविद्यालय र नेपाल क्रिकेट एशोसिएशन (क्यान)बीचको जग्गा भाडा सम्झौतासमेत नवीकरण गर्नुपर्ने अवस्थामा रहेको सदस्यसचिव घिसिङको भनाइ छ । त्रिविको आन्तरिक रङ्गशालाका रूपमा रहेको उक्त मैदान २०५२ सालमा २५ वर्षका लागि क्यानले भाडामा लिएको थियो । त्यसको नवीकरण र अब बन्ने संरचनाका लागि त्रिविको सहमति आवश्यक हुने उनले बताए ।

बैठकमा सहभागी त्रिवि रजिस्ट्रार प्राडा केदारप्रसाद रिजालले संरचना निर्माणका लागि त्रिविले गनुपर्ने नीतिगत एवं व्यावहारिक निर्णयहरू शिक्षा मन्त्रालयबाट भएको पत्राचारका आधारमा गर्ने जानकारी दिए । त्रिविको जग्गा भाडासम्बन्धी विषय त्रिवि सभाले निर्णय गर्नुपर्ने बताउँदै उनले हाल त्रिविको जग्गाको उपयोग सम्बन्धमा प्रश्न उठिरहेकाले जग्गासम्बन्धी विषय संवेदनशील भएको उल्लेख गरे ।

क्यानका सचिव एवं पूर्वराष्ट्रिय कप्तान पारस खड्काले प्रधानमन्त्रीको निर्देशनसहित राज्यकै उच्च प्राथमिकतामा परेका कारण यसपटक क्रिकेट रङ्गशाला अन्तर्राष्ट्रियस्तरको बन्नेमा आफू आशावादी रहेको बताए । "देशमा एउटा ठूलो क्षमताको र स्तरीय रङ्गशालाको आवश्यकता धेरै अघिदेखि महसूस भएको हो । त्यसका लागि अहिले सरकारले प्राथमिकतामा राखेको छ, यो सकारात्मक छ," उनले भने ।

## वादो काई कराँते सङ्घ बाराको पुनर्गठन

प्रस, परवानीपुर, २८ साउन/



नेपाल वादो काई कराँते सङ्घ, बारा जिल्ला कार्यसमिति पुनर्गठन गरिएको छ । निजगढ–९ पिलुवास्थित शीतलस्थानमा भएको भेलाले जगतसिंह तामाङको अध्यक्षतामा नौ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको हो ।

कार्यसमितिको उपाध्यक्ष फनबहादुर नेपाली, सचिव दिनेश त्रिपाठी, सहसचिव कुमार चौलागाईं, कोषाध्यक्ष कुमार थिङ र सहकोषाध्यक्षमा सीमा ठकुरी छन् भने सदस्यहरूमा कुबेरराज भारती, श्यामसुन्दर चौधरी र सुनीता खड्का रहेका छन् । नेपाल वादो काई कराँते मधेस प्रदेशका अध्यक्ष गोवर्धन खड्काको अध्यक्षतामा वरिष्ठ उपाध्यक्ष दिनेश लामा र सचिव दीपकुमार खड्काको आतिथ्यमा भएको भेलाले जिल्ला कार्यसमिति पुनर्गठन गरेको हो ।